# लिम्चुङबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

१ नं.प्रदेश,नेपाल

पत्र संख्या : ०७७/७८
सूचना नं. : १

सूचना । सूचना ॥ सूचना ॥।

विषय : **सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा हाल विश्वभरी महामारीको रुपमा फैली रहेको कोरोना (कोभिड-१९) भाईरसको संक्रमणको दर नेपालमा पनी दिन प्रतिदिन बढिरहेको अवस्था छ । प्रदेश नं १, उदयपुर जिल्ला पनि उक्त भाईरसको उच्च जोखिममा रहेको कारण जिल्ला प्रशासन कार्यालय उदयपुरबाट मिति २०७७/४/२७ गते बाट २०७७/५/७ गते राति १२ बजे सम्मको लागि (त्रियुगा नगरपालिका, बेलका नगरपालिका र चौदण्डीगढी नगरपालिका) लाई निषेधित क्षेत्र घोषण गरेको विदित्तनै छ । सोही सन्दर्भमा यस लिम्चुङबुङ गाउँपालिकाका वडाहरुबाट विरामी भई उपचारको लागी गाईघाट लगायतका ठाउँहरुमा जाने क्रममा गाउँपाकिलकाको कार्यालयबाट सहजताको लागी सिफारिस पत्र बनाउने गरेको व्यहोरा जानकारी गराईन्छ । उक्त सिफारिस पत्र लिन सम्बन्धीत वडाबाट गाउँपालिकाको कार्यालय सम्म आउँदा भौगोलिक विकटता तथा सवारी साधनको अभावले सर्वसाधरणहरुमा मर्का परेको प्रति कार्यालयको ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा वडाबाट सिफारिसको लागी केन्द्र सम्म आउनु पर्ने बाध्यतालाई हटाउनको लागी मिति २०७७/५/५ गते देखी गाउँपालिकाको आधिकारीक फेसबुक पेज मार्फत अनलाईनमा सिफारिस पत्र प्रदान गरिने व्यहोरा जानकारीको लागी अनुरोध छ । यसका लागी सम्बन्धीत व्यक्तिहरुले Facebook Page लाईक गरी सम्भव भए सम्म कार्यालय समय भित्र मेसेज गर्नु पर्ने छ ।

**सिफारिस प्राप्त गर्न आवश्यक कागजात पत्रहरु :**

१. सिफारिस पत्रको लागी व्यक्तिगत निवेदन मा सवारी साधनको विवरण (सवारी नं, सवारी चालकको नाम, विरामीको नाम र विरामी कुरुवाको नाम) सहितको विवरण खुलाई निवेदन लेखी सो को फोटो खिचि गाउँपालिकाको आधिकारीक Facebook Page मा मेसेज पठाउनु पर्नेछ ।
२. सम्बन्धित वडाको स्वास्थ्यचौकीबाट विरामीको रेफर पत्रको समेत फोटो खिचि पठाउनु पर्ने छ ।
३. निवेदकको पत्र प्राप्त भएको १ घण्टा भित्र सिफारिस सोही व्यक्तिको मेसेन्जरमा पठाईने छ ।

**नोट** : कार्यालय समय भन्दा बाहेकको समयमा सम्पर्क गर्नु परेमा तपसिलका व्यक्तिहरुलाई सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

| सि.नं | नाम, गर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | नौलशेर राई | स्वास्थ्या शाखा प्रमुख | ९८४२८२८५९६/९८२०७०४८२२ |
| २ | बिपन राई | कम्प्युटर अपरेटर | ९८६३८६९५१३/९८२५७४७६४५ |

मिति : २०७७/५/४

२०७७/०५/०४

टार्जन कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत